नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १७ गते २०३४ साल

श्री ५ को सरकार

वन मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले रसुवा नुवाकोट ग्रामीण विकास परियोजनाको भू तथा जल संरक्षण विभाग अन्तर्गत पर्ने भू क्षय नियन्त्रण आयोजनाको आवश्यक कार्यालय भवन तथा अन्य भवन निर्माण गर्नको लागि वा।मती अञ्चल, नुवाकोट जिल्ला अन्तर्गत रक्तकाली बट्टार गाउँ पंचायत वडा नं. १ मा पर्ने पूर्व श्री गोविन्द थपलियाको पाखोबारी, मानबहादुर श्रेष्ठको पाखोबारी र जीतबहादुर बोगटीको पाखोबारी सीमाना, पश्चिम वागवानी फार्म त्रिशूलीको भिरालो पाखो सीमाना, उत्तर कृषि सामग्री संस्थानको जग्गा, त्रिशूली-काठमाडौं पक्की सडक र केशवराज पाण्डेको घर सीमाना र दक्षिण चतुरमान श्रेष्ठको पाखोबारी र मानबहादुर मगरको पाखोबारी सीमाना यति चार किल्लाभित्रको जम्मा तिरो रू. २।२६ (दुई रूपैयाँ छब्बीस पैसा) लाग्ने जम्मा जग्गा १०।८।१।३ (दश रोपनी आठ आना एक पैसा तीन दाम) को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. भैरवी गा. पं. वार्ड नं. १ बस्ने श्री गोविन्द थपलियाको तिरो रू. ।२६ पैसा मध्येको जग्गा २।४।१ को कित्ता– १

२. ऐ वार्ड नं. ३ बस्ने बिकुलाल श्रेष्ठको तिरो रू. ।२६ पैसा लाग्ने जग्गा ३।४।२।१ को कित्ता– १

३. ऐ गा.पं. बस्ने श्री जीतबहादुर बोगटीको तिरो रू. ।४५ पैसा मध्येको जग्गा ०।७।०।१ को कित्ता– १

४. ऐ गा.पं. वार्ड नं. ९ को श्री भगवानदास रन्जितकारको तिरो रू. १।१६ पैसा लाग्ने जग्गा ४।८।२।१ को कित्ता– १

आज्ञाले–

अच्युतबहादुर राजभण्डारी

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।